विधेयक संख्या :

# भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक

**संघीय संसद सचिवालय**

**संसद भवन**

**सिंहदरबार**

संघीय संसद सचिवालय

## उद्देश्य र कारण

नेपालको संविधानको धारा ४० को उपधारा (५) मा राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ भन्ने संवैधानिक व्यवस्था गरेको सन्दर्भमा राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउने सम्बन्धमा कानुनको निर्माण गर्न आवश्यक भएकाले भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न यो विधेयक पेश गरेकोछु ।

पद्माकुमारी अर्याल
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण
मन्त्रालय

०५ भदौ २०७५

संघीय संसद सचिवालय

## आर्थिक टिप्पणी

प्रस्तुत विधेयकले नेपालको संविधान बमोजिम प्रदत्त भूमिहीन दलितलाई एक पटकका लागि तोकिए वमोजिम जमिन उपलब्ध गराउँदा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोग, समिति वा कार्यदल गठन गर्न सक्ने, आयोग, समिति वा कार्यदलका सदस्यलाई पारिश्रमिक दिनु पर्ने भएकोले आर्थिक व्ययभार थपिने अवस्था छ ।

संघीय संसद सचिवालय

<u>भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी</u>

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| ५२क. | जमिन उपलब्ध गराउने | नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए वमोजिम जमिन उपलब्ध गराउने लगायतका व्यवस्थाहरु गरिएका छन् । |

संघीय संसद सचिवालय

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छ :-

| क्र.सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ५२क. को उपदफा (१) | नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए वमोजिम जमिन उपलब्ध गराउने लगायतका विषयमा विस्तृत व्यवस्था गर्न आवश्यक भएकोले । | भूमिहीन दलितलाई एक पटकका लागि तोकिए वमोजिम जमिन उपलब्ध गराउने व्यवस्थाहरू नियमावलीमा तोकिने । | भूमिहीन दलितलाई एक पटकका जमिन उपलब्ध गराउने कामकारबाही सुचारू भई ऐनको कार्यान्वयन गर्न सहज हुने । |
| २. | ५२क. को उपदफा (४) | नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि जमिन उपलब्ध गराउन आयोग, समिति वा कार्यदल गठन सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक भएकोले । | भूमिहीन दलितलाई एक पटकका लागि जमिन उपलब्ध गराउन आयोग, समिति वा कार्यदल गठन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने । | भूमिहीन दलितलाई एक पटकका जमिन उपलब्ध गराउने कामकारबाही सुचारू गर्न आयोग, समिति वा कार्यदल गठन भई कामकारबाही सुचारू हुने । |

संघीय संसद सचिवालय

# भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "भूमि सम्बन्धी (सातौं संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. भूमि सम्बन्धी ऐन, २०२१ मा दफा ५२क. थप: भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ :-

"५२क. जमिन उपलब्ध गराउने: (१) नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए वमोजिम जमिन उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको जमिन नामसारी र अंशवण्डा बाहेक अन्य प्रक्रियाबाट कसैलाई पनि हक हस्तान्तरण गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोग, समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको आयोग, समिति वा कार्यदल गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

संघीय संसद सचिवालय

## भूमि सम्बन्धी (सातौं संशोधन) विधेयक, २०७४

## भूमि सम्बन्धी ऐन, २०२१ को संशोधनको लागि तीन महले फाराम

| सि.नं. | हालको व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|
| १ | नभएको | भूमि सम्बन्धी ऐन, २०२१ मा दफा ५२क. थप: भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ :-<br>"५२क. जमिन उपलब्ध गराउने: (१) नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए वमोजिम जमिन उपलब्ध गराउनेछ ।<br>(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको जमिन नामसारी र अंशवण्डा बाहेक अन्य प्रक्रियाबाट कसैलाई पनि हक हस्तान्तरण गर्न पाइने छैन ।<br>(३) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोग, समिति वा कार्यदल गठन गर्न सक्नेछ ।<br>(४) उपदफा (३) बमोजिमको आयोग, समिति वा कार्यदल गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।" | भूमिहीन दलितलाई एकपटका लागि तोकिए बमोजिम जमिन उपलव्ध गराउने नेपालको संविधानको मौलिक हक कार्यान्वयन गर्न । |

संघीय संसद सचिवालय